# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २१ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६७

पब्लिक वर्क्स र संचारमंत्रालयअन्तर्गत आकाशवाणी अफिस विराटनगर मर्मत–केन्द्रलाई १ र नेपालगञ्ज मर्मत–केन्द्रलाई १ समेत जम्मा २ जना सब इन्जीनियर चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०१३ साल वैशाख २७ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नुहोला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, अड्डी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन

पदको विवरण यस प्रकार छः—

१. पदः- सब इन्जीनियर, ननगजेटेड, स्थायी तथा पेन्सन पाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ।

आवश्यक न्यूनतम योग्यता:-सरकारबाट स्वीकृत भएको इन्स्टिच्युटबाट रेडियो वा वायरलेसमा डिप्लोमा प्राप्त भएको र कमसेकम २ वर्ष सो लाइनमा काम गरेको ।

३. मासिक तलबको परिमाण:-कं. रु. १४०—२८०
४. मासिक भत्ता:-कं. रु. १०
५. अभ्यास अवधि: ६ महिना

खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।